अनुसूची- २

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ६ राजपत्रमा प्रकासित मितिः २०८०।०८।२७

भाग-२

बढैयाताल गाउँपालिका

**२०८० सालको कार्यबिधि नं.३**

## जनता सँग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०८।१३**

### प्रस्तावना

स्थानीय सरकारप्रति जनताको अपेक्षा र चाहानाको अभिवृद्धि सँगै जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने तर्फ स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरिरहेको छ । बढैयाताल गाउँपालिकाले जनताका जिविकोपार्जन, पहिचान तथा आत्मसम्मानमा स्रोत साधनको अभावले कठिनाइ भोगेकाहरुलाई सहज, सरल, छिटो छरितो एवं प्रभावकारी ढंगले सेवा प्रदान गर्नका लागि आफ्ना नीति तथा कार्यक्रमलाई जनमुखि बनाउँदै लगेकोछ । स्थानीय सरकार र जनता वीचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानीय सरकार प्रति विश्वास अभिवृद्धि गर्न तथा जनताको

बढैयाताल गाउँपालिका

आशा भरोसाको केन्द्रको रुपमा विकास गर्न जनता र स्थानीय सरकार वीच आपसी समन्वय र सहकार्य बनाई राख्न थप आवश्यक देखिएकाले बढैयाताल गाउँपालिकाको जनता सँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमलाई पारदर्शी प्रभावकारी र जनताको समस्याहरुलाई सम्बोधन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२उपदफा २ ले दिएको अधिकार प्रयोग गरि जनता सँग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० तयार गरि लागु गर्न वाञ्छनीय भएकोले यो कार्यविधि बनाइ लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ** :

१. १ यस कार्यविधिको नामः **जनता सँग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०** रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **संविधान** भन्नाले नेपालको संविधान २०७२ लाइ सम्झनु पर्दछ ।

ख) **गाउँ पालिका** भन्नाले बढैयाताल गाउँपालिका सम्झनु पर्दछ ।

ग) **अध्यक्ष** भन्नाले बढैयाताल गाउँ पालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ) **उपाध्यक्ष** भन्नाले बढैयाताल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ

ङ) **कार्यपालिका** भन्नाले बढैयाताल गाउँ कार्यपालिकालाइ सम्झनु पर्दछ ।

च) **गाउँ सभा** भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिमको गाउँ सभालाइ जनाउँछ

छ) **योजना** भन्नाले आयोजना तथा कार्यक्रम समेतलाइ जनाउँछ ।

ज) **वडा** भन्नाले गाउँ पालिकाका सबै वडा सम्झनु पर्दछ ।

बढैयाताल गाउँपालिका

झ) **सरकारी संस्था** भन्नाले गाउँ पालिका वडा पालिका स्थानीय स्तरका सरकारी कार्यालयलाइ जनाउँछ ।

ञ ) **गैसस** भन्नाले समाज कल्याण ऐन, संघ संस्था दर्ता ऐन र बढैयाताल गाउँ पालिकाले जारी गरेको सामाजिक संघ संस्था सम्बन्धि ऐन र पालिकामा दर्ता भएका विभिन्न समुह, क्लब समेतलाइ जनाउछ ,

ट) **मूल्याकन समिति** भन्नाले एक कार्यविधिमा तोकिएको समितिलाइ जनाउछ ।

ठ) **कार्यक्रम तथा ब्यवसाय** भन्नाले दफा ३ र ४ अन्तरगतका सबै कार्यक्रम र ब्यवसायलाई जनाउने छ ।

ड) **लक्षित समुह** भन्नाले एकल तथा विधुवा महिला, महिला, अपांगता,जेष्ठ नागरिक, दलित,मधेशी मुस्लिम, थारु सहारा विहिन महिला तथा बालबालिका, गरिव, भुमिहिन,सुकुम्वासी, हिंसा पिडित महिला, आदिवासी जनजाति द्धन्द्धपिडित, शहिद परिवार, बेपता परिवार, जन आन्दोलनका क्रममा घाइते एवं निजका आश्रीत परिवार तथा विपन्न अवसर विहिन र विदेशमा रोजगार गरि फर्किएका र पालिकामा रहेका वेरोजगार नागरिक तथा प्राकृतिक प्रकोप प्रभावित एवं जोखिममा परेका सवै व्यक्ति र परिवार सम्झनु पर्दछ ।

ढ)**छोटो तथा लामो अवधिका शीपमुलक एवं रोजगारमुलक तालिमहरु** भन्नाले पाविधिक तथा व्यवसायिक तालिम परिषदले सीप परिक्षण गर्न सकिने गरि तोकेका र लक्षित समुहले माग गरेका सीप परिक्षण गर्न नपर्ने शीपमुलक,व्यवसायिक एवं रोजगारमुलक तालिमहरु समेत जनाउनेछ ।

३ **जनता सँग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम** : वार्षिक स्वीकृत बजेट कार्यक्रम र नीति अनुसार अध्यक्ष मार्फत तोक आदेश भए अनुसार गाउँपालिका र वडा स्तरमा सन्चालन हुने तपसिलका कार्यक्रमहरुलाई जनाउनेछ ।

३.१: **पुर्वाधार विकास कार्यक्रम** : लक्षित समुदाय केन्द्रित गाउँ पालिका अन्तरगत दुर्गम बस्ति सुकुम्वासी दलित आदिवासी जनजाति गरिव तथा सिमान्तकृत ब्यक्तिहरुको बसोवास रहेको वडाहरुमा ग्रामिण सडक, कृषि, पशुपालक, सिंचाइ खानेपानी मठ मन्दिर, चर्च गुम्बा मस्जित, पाटी ,पौवा, चौतारा,जेष्ठ नागरिक सेवा केन्द्र, बाल गृह,पुनर्स्थापना केन्द, ग्रामिण विद्युतिकरण, सामुहिक खेती, कृषि औजार, निर्माणमा सहयोग तथा सामागी खरिद गरि वितरण गर्ने ।

३.२ **राहत तथा पुनःस्थापना कार्यक्रम** : अभिभावक विहिन महिला तथा बालबालिका द्वन्द्व तथा हिंसा पिडित गरिव विपन्न दिर्घ रोगी अपांगता, आगलागी लगायत विपद पिडित, घरवार विहिन परिवार बैदेशिक रोजगारका क्रममा स्थायी ठेगाना भएका यस पालिका नागरिकहरु विदेशमा अलपत्र परेको अवस्थामा नागरिकहरुलाइ उद्दार तथा राहत उपलब्ध गर्ने, लगायत लक्षित समुहका ब्यक्तिहरुलाइ आवास निर्माण, खाद्यान्न पोषणजन्य सामाग्री, खाना पकाउने ग्यास,चुल्हो वितरण तथा सो कार्यका लागि आर्थिक सहायता उपलब्ध गराउने ।

३.३ **आयआर्जन तथा रोजगार मुलक कार्यक्रम** : मागमा आधारित रहेर लक्षित समुह, विदेशबाट फर्केका तथा नेपालमा केहि गर्न चाहने वेरोजगार युवा युवतीहरुका लागि दफा २ (ढ) वमोजिमका छोटो तथा लामो अवधिका शीपमलक एवं रोजगारमुलक तालिमहरु सन्चालनमा सहयोग, आयआर्जनमा सहयोग घुम्ती तथा साझेदारी कोषका लागि कार्यक्रम ,आर्थिक सहायताहरु ब्यक्तिगत तथा समुहगत रुपमा उपलब्ध गराउने

३.४ **अभियानमुलक कार्यक्रम** : बालविवाह, सामाजिक विभेद,घरेलु हिसां न्युनिकरण, छाउपडी, दाइजो कम्लहरी प्रथा, लगायत सामाजिक कुरीति अन्त्यका लागि आर्थिक तथा कार्यक्रम सहयोग साथै स्वास्थ्य सरसफाइ अभियानका लागि फोहोर फाल्ने डस्टविन लगायत सामाग्रीहरु सहयोग एंव वितरण गर्ने ।

३.५ **कला सास्कृतिक तथा पर्यटन विकास कार्यक्रम** : पालिका भित्रका कला संस्कृति पर्यटन पुर्वाधार निर्माण, योजना निर्माण लगायत संग्रालय निर्माण, भेषभुषा, कला तथा ताल संरक्षण, होमस्टे सन्चालन तथा प्रवर्द्धनका लागि आवश्यक सहयोग तथा सामाग्री वितरण गर्ने । साथै विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय एवं शहीद वेपत्ता परिवार दिवस, उत्सव, मेला पव, तिर्थाटन, धार्मिक सास्कृतिक, समारोह, धार्मिक स्थल सभ्यता जर्गेना आदिमा अध्यक्षको निर्णयमा सहयोग तथा अनुदान गर्ने ।

३.६ **साझेदारी कार्यक्रम** : नविनतम कार्यक्रम पेश गर्ने शहिद प्रतिष्ठान,सहकारी, गैसस ,क्लब, समुह उद्यमी अगुवा कृषक र ब्यक्तिलाइ विभिन्न लक्षित कार्यक्रम तथा ब्यवशायका लागि साझेदारी अनुदान दिने ।

३.७ **खेलकुद कार्यक्रम** : खेलाडी प्रोत्साहन, खेलक्षेत्रको विकास विस्तार गर्नका लागि मागमा आधारित विशेष कार्यक्रमहरु - खेल मैदान,तालिम, भ्रमण खेलकुद प्रतियोगिता पुरस्कार लगायतमा कार्यक्रम सन्चालन सहयोग र खेलकुद सामाग्रीहरु वितरण गर्ने

३.८ **सामाजिक विकास** :

**क) शिक्षा** : शिक्षाको पहुच भन्दा बाहिर रहेका लक्षित समुहको संरक्षण स्विकार गरि उनिहरुलाई निशुल्क शिक्षा अभिभावकलाइ रोजगारी सिर्जना गर्ने साथै लक्षित समुहमा बालबालिका अध्ययन गर्ने विद्यालयको गुणस्तर अभिवृद्धिका लागि छात्रवृति र प्राविधिक शिक्षा अध्ययन गरिरहेका पालिका भित्रका विद्यार्थीहरुका लागि समेत छात्रवृति लगायतमा सहयोग गर्ने । एसइइ लगायत पालिका बाट लिइने सबै तहका परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थी र विद्यालयहरुलाई आवश्यक पुरस्कृत गर्ने ।

ख) **स्वास्थ्य सेवा** : विपन्न समुदाय संग स्थानीय सरकारको पहुच स्थापित गर्न लक्षित समुदायका ब्यक्तिहरुका लागि टोल टोलमा स्वास्थ्य शिविर र पुनंस्थापनामा सहयोग गर्ने । साथै स्वच्छ खानेपानी सहज उपलब्धताका लागि टयुवेल तथा धाराहरु उपलव्ध गराउने । सुत्केरी, महिला स्वास्थ्य स्वंय सेविका, गरिवी र विपन्नताको जोखिममा रहेका तथा मानवीय सम्वेदना जोडिएका परिवार तथा ब्यक्तिहरुका लागि स्वास्थ्य उपचार र मानवीय समवेदनालाई मध्यनजर राख्दै काजकिरिया खर्च सहयोग गर्ने ।

३.९ **परामर्श सेवा :** जनतासंग अध्यक्ष /उपाध्यक्ष कार्यक्रमको कार्यान्वयनका शीलशीलामा अध्यक्षले आवश्यक ठानेका विभिन्न अध्ययन, अनुसन्धान, ऐन, नीति, नियम, कार्यविधि, निर्देशिका एवं कार्ययोजना तयार गर्न र विभिन्न तालिमहरु संचालन गर्न यस कार्यक्रम अन्तर्गत आवश्यक परामर्श सेवा लिन सकिनेछ ।

४.**जनतासंग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम** भित्र सन्चालन हुने उप कार्यक्रम भन्नाले तपसिलका कार्यक्रमहरुलाइ जनाउने छ

क) तालिम चेतनामुलक कार्यक्रम, एकल महिला कार्यक्रम

ख) पुजिगत निर्माण कार्यमा तोकिएका पुजिगत तर्फमा कार्यक्रमहरु

ग) कुल बजेट मध्येबाट चालु कार्यक्रमको छपाइ, बैठक भत्ता, अनुगमन लगाएत १ लाख सम्मका खर्च तोकिएको मापदण्ड अनुसार हुने छ ।

घ) महिला जेष्ठ नागरिक हितका छुटै कार्यक्रम

ङ) दलित, अपांग गरिव असहाय सहिद वेपत्ता द्वन्द्ध पिडित परिवार सम्बन्धित कार्यक्रम

च) सहयोग सम्मान पुरस्कार र सम्मानजनक कार्यक्रमहरु

छ) पत्रकार तथा संचारकर्मीहरुका लागि व्यवसायिक तथा पेशागत तालिम

छ) गैससहरुसंग गर्ने गरि तोकिएका सम्झौता अनुसारका लागि विभिन्न कार्यक्रम

ज) गाउँ पालिकाले निर्णय गरेका विभिन्न कार्यक्रमहरु

**५. कार्यक्रम मूल्याकन समिति , प्राथमिकीकरण र छनौट**

अध्यक्ष समक्ष पेश भएका योजना तथा कार्यक्रमहरुलाई अध्यक्षले आवश्यक ठानेमा सम्वन्धीत वडाध्यक्ष सहित पालिकाको प्रशासन, प्राविधिक र योजनाका कर्मचारी सम्मिलित मूल्याकन समिति वनाई  कार्यक्रम र योजना प्राथमिकीकरण र छनौट गर्न सकिने छ।

**६. कार्यक्रम कार्यान्वयन विधि :**

६.१ आयोजनाका लागि बजेटको सुनिश्चता बढैयाताल गाउँ पालिकाको प्रत्येक आर्थिक वर्षमा गाउँ सभाबाट अनुमोदित जनतासंग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम अन्तरगत विनियोजित रकमबाट सन्चालन गरिने छ।

६.२ गाउँ पालिका अध्यक्षले पहिचान गरेका, अनुगमनका क्रममा देखेका, जनताको गुनासो र आवश्यकतालाइ महसुश गरि आवश्यक ठानेका महत्वपुर्ण आयोजना वा कार्यक्रम र तत्कालै सम्बोधन गर्नु पर्ने जस्ता अति आवश्यक विषयमा प्रस्तावना वा निवेदन लिई रकम दिन सक्ने छ

६.३  कार्यक्रमको छनौट सन्चालन र भुक्तानीको लागि अध्यक्षको स्विकृत लिनु पर्ने छ।

७.जनता संग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम सन्चालन र यसको प्रभावकारी अनुगमन र मुल्याकन लागि देहाय बमोजिमको अनुगमन तथा मुल्याकन समिति गठन गरिने छ।

कार्यक्रम कार्यान्वयनको शिलसिलामा आवश्यक सुझाव तथा सहजीकरणका लागि भौतिक पुर्वाधारजन्य योजना अनुगमन गर्न सकिने छ तर अन्य कार्यक्रम तथा अनुदान सहयोगमा अनुगमन बाध्यकारी हुने छैन।

संयोजक : गाउँ पालिकाका उपाध्यक्ष

सदस्य :  सम्बन्धित वडाको वडा अध्यक्ष

बढैयाताल गाँउपालिका

सदस्य : प्रमुख प्रशासकिय अधिकृत

सदस्य  सचिव : अध्यक्षले तोकेको योजना शाखाको प्रतिनिधि कर्मचारी

८. **जनता सँग अध्यक्ष / उपाध्यक्ष कार्यक्रम** लगायत गाउँपालिकाको समग्र विकास र पालिकाको सेवा प्रभावकारिता अभिवृद्धि गर्नका लागि विषय विज्ञ एवं सल्लाहकार समुह बनाई अध्यक्षले आवश्यक परामर्श लिन सकिनेछ

**९.भुक्तानी प्रक्रिया :**

क) राहत दैवी प्रकोप, काजक्रिया औषधि उपचार आदि बाहेक अन्य आयोजना तथा कार्यक्रमको भुक्तानी लिदा अनिवार्य कार्यविधिमा उल्लेखित ढाँचामा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

ख) ब्यक्तिगत तथा समुहगत आयोजना,कार्यक्रम तथा सहयोग २५००० (पच्चिस हजार) सम्म सोझै चेक भूक्तानी गर्ने तथा सो रकम भन्दा बढिको बैक खाता मार्फत भुक्तानी गरिने छ ।

१०. **फोकल पर्सन** : अध्यक्षले यो कार्यक्रमको समन्वय गर्न अलग्गै फोकल पर्सन तोक्न सक्ने छैन ।

११. **विज्ञ एवं सल्लाहकार सदस्यहरुको सेवा तथा सुविधा** : विज्ञ एवं सल्लाहकारहरुको बैठक भत्ता कार्यपालिकाको सदस्यले पाए सरह हुनेछ । बैठक भत्ता वाहेक अन्य सुविधा उपलव्ध गराउदा यस कार्यविधिको दफा ३.९ वमोजिम परामर्श सेवा लिइ सुविधा उपलव्ध गराउन सकिनेछ ।

१२. **कार्यविधि संशोधन र खारेजी**

यो कार्यविधि प्रचलित कानुनसंग बाझिएमा  कार्यपालिकाको बैठकबाट आवश्यक संशोधन गरि स्विकृत गर्न सकिने छ । यो कार्यविधिलाई समय सापेक्ष संशोधन र परिमार्जन वा खारेज गर्न सकिने छ ।

<u>अनुसुचि नं १</u>

## जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमको निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यु

बढैयाताल गाउँ कार्यपालिकाको कार्यालय

मैनापोखर, बर्दिया

**<u>विषय : योजना/कार्यक्रम/सहयोग माग सम्बन्धमा ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा म/ हामीलाई ............... ............... योजना/कार्यक्रम/सहयोग रकम आवश्यक भएकोले भएकोले जनतासंग अध्यक्ष /उपाध्यक्ष कार्यक्रम अन्तरगत रु...................उपलब्ध गराई सहयोग गरि दिन हुन  हार्दिक अनुरोध गर्दछौ ।

तपसिल

१. योजना माग गरेको निवेदन

२. नागरिताको प्रतिलिपि

३. अन्य आवश्यक कागजात

निवेदक

नाम :

ठेगाना :

हस्ताक्षर :

फोन नं :

बढैयाताल गाउँपालिका

# अनुसुचि नं २

## जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमको प्रगति प्रतिवेदनको ढाचा

सन्चालित योजना/कार्यक्रम/सहयोगको नाम :

आ.व.

स्विकृत बजेट

ठेगाना

| क्रस | कामको विवरण | उद्धेश्य | भौतिक प्रगति | समस्या र समाधान |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

योजना/कार्यक्रम/सहयोगको नाम :

ठेगाना :

हस्ताक्षर :

**हिमालय त्रिपाठी**

**अध्यक्ष**

**बढैयाताल गाँउपालिका**

बढैयाताल गाँउपालिका